म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३०५ | सोमबार ३० जेठ २०७९ | ने. सं. ११४२ तछलाथ्व | 13 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पृथ्वी राजमार्ग सञ्चालनमा

तनहुँ, २९ जेठ/ पृथ्वी राजमार्गअन्तर्गत मुग्लिङ-आँबुखैरेनी सडक खण्ड खुला गरिएको छ । करिब ३ मिटर पहरो काटेर एकतर्फी बाटो सञ्चालनमा ल्याइएको तनहुँका निमित्त प्रमुख जिल्ला अधिकारी काशीराम गैरेले जानकारी दिएका छन् । उनका अनुसार उक्त खण्डमा साना र ठूला सबै प्रकारका सवारी साधन जतिखेर पनि चल्न सक्नेछन् ।

गत शुक्रबार आँबुखैरेनी गाउँपालिका-४ साँखरस्थित मर्स्याङ्दी विद्युत्गृह नजिकै सडक भासिएपछि यातायात अवरुद्ध भएको थियो । पहरो काटेर सडक बनाउन सोही दिन साँझ ७ देखि बिहान ५ बजेसम्मका लागि यातायात चलाउन रोक लगाइएको थियो । जिल्ला प्रशासन कार्यालय तनहुँले साना सवारी साधन र दुई पाङ्ग्रे सवारी साधनहरूलाई बिहान ५ देखि ७ बजेसम्म मात्र सञ्चालन गर्न आग्रह गरेको थियो भने ठूला तथा मालवहाक सवारी साधनलाई वैकल्पिक बाटो प्रयोग गर्न आग्रह गरेको थियो ।

मुग्लिङ-आँबुखैरेनी सडक खण्ड खुल्ला भए पनि याँम्फाफाँटदेखि घाँसीकुवा खण्डमा भने राति ११ देखि बिहान ४ बजेसम्म यातायात बन्द रहने छ । मुग्लिङ-पोखरा सडकखण्ड चार लेनको बनाउन भन्दै यसअघि नै रातिको समयमा यातायात चलाउन रोकेको थियो । *-अनलाइनखबर*

# सल्लाघारीबाट रुपान्तरित गुम्बाडाँडाको कथा

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ हेटौँडा उपमहानगरपालिका-१८ मा रहेको हर्नामाडी कला प्रतिष्ठान, गुम्बाडाँडा मकवानपुरको एक महत्त्वपूर्ण पर्यटकीय स्थल बनेको छ ।

गुम्बाडाँडा, पछिल्लो समय मकवानपुरको आन्तरिक पर्यटकको रोजाइको क्षेत्र हो । विशेषगरी शनिबार तथा बिदाको दिन गुम्बाडाँडामा आन्तरिक पर्यटकहरुको घुइँचो नै लाग्ने गरेको छ । घुम्न तथा पिकनिक मनाउनको लागि विशेषगरी गुम्बाडाँडा रोजाइमा पर्ने गरेको हो ।



जङ्गलको नजिक रहेको गुम्बाडाँडा अनेकौं कला आकृतिका मूर्ति र विभिन्न प्रजातिका बिरुवा र फूलले सजिएको छ । पछिल्लो समय पर्यटकलाई आकर्षित गर्न निर्माण गरिएका विभिन्न भौतिक पूर्वाधारले गुम्बाडाँडाको शोभा झनै बढाएको छ । मौलिकता झल्काउने सामग्रीहरूको आकृति निर्माण गरी पर्यटकको रोजाइको क्षेत्रको रूपमा गुम्बाडाँडा विकास भइरहेको छ । ५.६७ हेक्टर क्षेत्रफलमा फैलिएको गुम्बाडाँडामा २०३४ सालसम्म अव्यवस्थित बस्ती थियो । नेपाल सरकारको निर्णयअनुसार सो क्षेत्रको बस्ती चितवनको केरुङ्मा स्थानान्तरण गरेपश्चात् भने यहाँ जङ्गल बन्न पुगेको थियो । बस्ती स्थानान्तरणपछि वनमा घाँस-दाउरा तथा गाईवस्तु चराउने स्थान बनिरहेको गुम्बाडाँडा २०४० सालमा हर्नामाडीका बासिन्दा र वन कार्यालयका प्रमुखको नेतृत्वमा संरक्षण तथा सम्बर्द्धनको पहल सुरु भएको थियो । स्थानीयबासी र वन कार्यालयको पहलकदमीमा सो क्षेत्रको संरक्षणका लागि वृक्षरोपण कार्य सुरु गरियो । सो क्षेत्रमा तत्कालीन समयमा सल्ला र सिसौका बिरुवा रोप्ने र सरसफाइ गर्ने काम सुरुवात गरियो । त्यसपश्चात् सो डाँडाको नाम सल्लाघारीमा परिणत भयो । २०५२ सालमा सो क्षेत्रमा रिद्दो गुम्बा स्थापना भयो । बुद्ध धर्माबलम्वीहरुले सो क्षेत्रमा निर्माण भएको आश्रममा बसेर ज्ञान आर्जन गर्ने कार्यको सुरुवात गरे । हाल बौद्ध दर्शनसम्बन्धी शिक्षा लिएका अनाथ बालक यहाँ बस्दै आएका छन् । उनीहरू बौद्ध दर्शनसम्बन्धी शिक्षा लिइरहेका छन् ।

२०६३ सालपछि तत्कालीन वन उपभोक्ता समितिको पहलमा पर्यटकीय स्थलको लागि संरक्षण समिति बनाएर काम भएको स्थानीयबासी बताउँछन् । उक्त समितिले सो क्षेत्रमा सल्लाघारी-पर्यापर्यटकीय पार्क स्थापनाको काम सुरु गरेको थियो । स्थानीयको साथ सहयोगमा सो क्षेत्रको विकास द्रुतरूपमा हुँदै गर्दा २०७३ सालमा भने हर्नामाडी कला प्रतिष्ठान, गुम्बाडाँडा नामकरण गरिएको थियो । मूर्तिकलाको विकास र विस्तारकै लागि २०६९ सालमा हेटौँडा-१८, हर्नामाडीमा प्रथम अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला सम्पन्न भयो । यस कार्यशालाको आयोजना नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, 'आरम्भ' समसामयिक मूर्तिकार समूह, पर्यापर्यटकीय पार्क हर्नामाडी र तत्कालीन जिल्ला विकास समिति मकवानपुरले मंसिर ११ गतेदेखि २६ गतेसम्म सञ्चालन गरेको थियो ।

कार्यशालामा जापानका सुगिमोतो जुनीचिरो, इटलीका बेटिनो फ्रान्सेली, कोरियाका सिम जुङ सु फ्रान्सकी लेतिचिया दी बजालरे ल्यू योङ चीनलगायत नेपालका १८ जना मूर्तिकारहरू सहभागी थिए । मूर्तिकला कार्यशाला स्थापना भइसकेपछि अहिले हर्नामाडीमा छुट्टै रौनक कायम छ । सो क्षेत्र अवलोकन गर्न आउने पर्यटकहरु प्राय: यहाँ कुदिएका मूर्ति हेर्नमै व्यस्त देखिन्छन् ।

हाल स्थानीय बासिन्दा तथा समाजसेवीहरु हर्नामाडीलाई नै आर्ट भिलेज बनाउनुपर्नेतर्फ केन्द्रित भएका छन् । गुम्बाडाँडामा बाघको आकर्षक पेन्टिङ देख्न सकिन्छ । १४ फिट लम्बाई र २ फिट चौडाईमा बनेको बाघको पेन्टिङ , आर्ट ग्यालरी जस्ता आकर्षक पेन्टिङ पनि गुम्बाडाँडामा देख्न सकिन्छ ।

गुम्बाडाँडामा २५ फिट अग्लो बुद्धको मूर्ति पनि स्थापना गरिएको छ । हेटौँडा पर्यटकीय गन्तव्यको रूपमा चिनिएको गुम्बाडाँडालाई थप परिचित बनाउनका लागि बुद्धको मूर्ति स्थापना गरिएको जनाइएको छ । मूर्तिका लागि काठमाडौं महानगरपालिका-६ का सामाजिक व्यक्तित्वहरुले सहयोग गरेका छन् । बुद्ध जन्मेको भूमि नेपालमा स्थापित मूर्तिहरुमध्ये धातुको सबैभन्दा अग्लो मूर्ति स्थापित गरिएको बुद्ध मूर्ति निर्माण समन्वय समितिका संयोजक कमलचन्द्र सुमनले दिए । हर्नामाडी गुम्बाडाँडा अन्तर्राष्ट्रिय मूर्तिकलाले चर्चित रहेको कारण अझ यसलाई थप पर्यटकीय नगर बनाउन मूर्ति स्थापना गरिएको तथा विश्व शान्ति र पर्यटकीय दृष्टिकोणले देशलाई चिनाउने उद्देश्य रहेको समितिले जनाएको छ ।

मकवानपुर जिल्ला काठबाट बनेको परम्परागत नेपाली भाँडो ठेकीका लागि प्रख्यात जिल्ला पनि हो । गुम्बाडाँडामा पर्यटकलाई लोभ्याउने शैलीले ठेकी निर्माण गरिएको छ । संघीय तथा प्रदेश सरकारको बजेटअन्तर्गत् करिब साँढे पाँच फिट उचाई र चार फिट चौडाईको ठेकी निर्माण गरिएको छ । अहिले काठको ठेकीको लागि प्रख्यात मकवानपुरमै ठेकी पाउन छाडेपछि परम्परागत भाँडोको संरक्षणका लागि ठेकी निर्माण गरिएको जनाइएको छ ।

## विपद्को जोखिम नियन्त्रणको पूर्व सावधानी

हेटौँडा, २९ जेठ/ वर्षायाम सुरु भएसँगै निम्तन सक्ने विपद्को जोखिम नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले पूर्व सावधानी अपनाइएको जनाएको छ ।

जिल्लाको सबै स्थानीय तहमा विपद्का घटनाको जोखिम रहेकोले उक्त जोखिम न्युनिकरणको लागि पूर्व सावधानी अपनाइएको जनाएको हो । दिनहुँजसो वर्षा भइरहेकोले बाढी र पहिरोका कारण कतै समस्या भइहाले उद्धारका लागि नेपाली सेना, सशस्त्र प्रहरी र जनपथ प्रहरीको टोली तयारी अवस्थामा राखिएको प्रशासन कार्यालयले जनाएको छ । प्रशासनले तीन वटै सुरक्षा निकायमा २५ जनाका दरले ७५ जनाको टिम तयारी अवस्थामा रहेको पनि जनाएको छ ।

बाढी, पहिरो जस्ता विपद्को घटना भएमा तत्काल खोज तथा उद्धारका लागि टोली परिचालन हुने मकवानपुका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले बताए । उनले तीन वटै सुरक्षा निकायको टोली खोज र उद्धारका लागि सामाग्रीसहित तयारी अवस्थामा रहेको बताए । जिल्लाको १० वटै स्थानीय तहमा विपद् व्यवस्थापन समिति रहेका छन् । ती व्यवस्थापन समितिसगै जिल्लास्तरको समिति तयारी अवस्थामा राखिएको उनको भनाई छ ।

# अवैध लागूऔषधसहित तीनजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध लागूऔषधसहित तीनजनालाई पक्राउ गरेको छ ।

मकवानपुर प्रहरीले अबैध लागूऔषध नाईट्राभेट ५ सय ३८ ट्याबलेटसहित दुई जनालाई पक्राउ गरेको जनाएको छ । इलाका प्रहरी कार्यालय भीमफेदीबाट खटिएको प्रहरी टोलीले भीमफेदी-६ स्थित सडकमा सुमोमा सवार दुई जनालाई



लागूऔषधसहित नियन्त्रणमा लिएको हो । वीरगञ्जबाट काठमाडौं जाँदै गरेको ना.१ ज ३५५३ नम्बरको यात्रुबाहक सुमोलाई रोकी चेकजाँच गर्दा सुमोमा सवार तनहुँ जिल्ला देवघाट-४ का २१ वर्षीय सरोज भुजेल र धुलीखेल-९ का २३ वर्षीय जंगबहादुर तामाङलाई पक्राउ गरेको छ । उनीहरुको साथबाट प्रहरीले लागूऔषध नाईट्राभेट ५ सय ३८ ट्याबलेट फेला पारेको थियो । प्रहरीले लागूऔषधसहित उनीहरुलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अगाडि बढाएको छ । यस्तैगरी अवैध लागूऔषध गाँजासहित प्रहरीले एक जना महिलालाई नियन्त्रणमा लिएको छ । प्रहरीले एक किलो ४ सय ग्राम गाँजासहित बकैया-५ की ३५ वर्षीया फूलमाया भुलुनलाई पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा प्रहरी चौकी हात्तीसुढैंबाट खटिएको प्रहरी टोलीले शनिबार दिउँसो १ बजेको समयमा राक्सिराङ-१ स्थायी घर भई हाल बकैया-५, कर्मचुली बस्ने भुलुनलाई नियन्त्रणमा लिएको जनाएको छ । भुलुनको घरमा चेकजाँच गर्दा घरभित्र राखिएको अवस्थामा गाँजा भेटिएको हो । प्रहरीले लागूऔषध गाँजासहित भुलुनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ







Offer
रु.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

स्थानीय तह सहीद स्मृति गोल्डकप
अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता
चौथो संस्करण-२०७९ मकवानपुर

सहभागी टिमहरु: मनाङमर्स्याङ्दी क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, फ्रेण्डस् क्लब, खुमलटार युथ क्लब, नव जनजागृती क्लब सिमरा, बागमती युवा क्लब सर्लाही, विजय युथ क्लब हेटौंडा, बीएफसी चितवन, एभिनियर एफसी क्यामरुन र चर्चब्वाइज क्लब

२०७८ जेठ १९ देखि ३० गतेसम्म

स्थान : पिप्ले क्याम्पा रंगशाला   खेल समय : दिउँसो ३ बजे,

मुख्य प्रायोजक : हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, बागमती गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, राक्सिराङ गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका, मनहरी गाउँपालिका र जिल्ला समन्वय समिति मकवानपुर

विशेष सहयोगी : प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौंडा
पुरन बहादुर जोशी
हेटौंडा स्कुल अफम्यानेजमेन्ट

आयोजक
मकवानपुर जिल्ला फुटबल संघ
हेटौंडा

साझाकुरा

## हाम्रो कुरा

# दुर्घटनाको जोखिम घटाऊ

सवारी साधनको चाप बढेअनुसारको सडक पूर्वाधार विकास नहुँदा दिनहुँ सवारी दुर्घटना बढ्दै गएको छ । सवारी दुर्घटनाबाट जनधनको क्षति हुने क्रमले तीव्रता पाएको छ । मकवानपुर जिल्लामा पछिल्लो समय दुर्घटनाका भयावह घटनाहरु भए । पूर्वपश्चिम राजमार्गको हेटौंडा-९ पशुपतिनगर क्षेत्रमा शनिबार साँझ भारतबाट ग्यास बोकेर आएको बुलेट ट्याङ्करले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार बुवाछोरीको मृत्यु भएको छ । ५५ वर्षीय बुवा र २६ वर्षीया छोरीको एउटै घटनामा मृत्यु हुँदा मृतक परिवार यतिखेर ठूलो बज्रपात सहन बाध्य भएको छ । यस्तै, पूर्वपश्चिम राजमार्गअन्तर्गत् ज्यामिरे खण्डमा कारमा सवार एउटा परिवार नै दुर्घटनामा पर्दा लाखौं रुपियाँ खर्चेर उपचार गराउन बाध्य छ ।

एउटा एउटा घटनालाई केलाएर हेर्ने हो भने महिनामा सयौंको संख्यामा दुर्घटनाहरु भइरहेका छन् । ती दुर्घटनाबाट मृत्यु हुने, अंगभंग हुने, आजीवन अपाङ्ग हुने दर बृद्धि भइरहेको छ । तर, सवारी साधन निर्बाध भित्रिरहेका छन् भने सो अनुसार सडक संरचना बनाउन सरकार असफल भइरहेको छ । आगामी वर्षको बजेट भाषणमा सरकारले पूर्वपश्चिम राजमार्गलाई स्तरोन्नति गर्ने योजनालाई प्राथमिकतामा राखेर काम गर्ने जनाएको छ । त्यो सह्रानीय कार्य हो । तर, यसलाई अब कुनैपनि बाहानामा ढिलाइ गर्नु हुँदैन । जब ठूलो दुर्घटना हुन्छ, मानवीय क्षति हुन्छ, तब हामी सडक फराकिलो पार्ने विषयलाई प्राथमिकतामा राखेर छलफल गर्छौं । जब घटना सेलाएर जान्छ, तब सडक फराकिलो पार्ने विषय पनि सेलाएर जान्छ । यो हुनु आफैंमा बिडम्बनाको कुरा हो । अब कुनैपनि बहानामा सडक फराकिलो बनाउनबाट रोक्नु हुन्न ।

हेटौंडा बजार क्षेत्रमा सडक फराकिलो बनाउने विषय स्थानीयको जग्गाको मुआब्जाको विषयमा गएर अल्भिएको छ । यो विषयलाई साँच्चिकै समाधान खोज्ने हो भने धेरै ठूलो हो जस्तो लाग्दैन । सरकारले आवश्यकता महसुस गऱ्यो भने स्थानीयको जग्गा क्रमश: वर्षेनि मुआब्जा दिई घर संरचना भत्काएर बिस्तारै सडक फराकिलो बनाउने कार्य गर्दै जान सक्छ । स्थानीय जनताको सम्पत्तिमाथिको अधिकारलाई गणतान्त्रिक सरकारले कहिल्यै नजरअन्दाज गर्नु हुँदैन । बरु जनतासंग प्रत्यक्ष बसेर छलफलबाट सामान्य दर निर्धारण गरेर मुआब्जा दिएर सहज वातावरणमा बाटो फराकिलो बनाउने कार्य गर्न संघ, प्रदेश र स्थानीय सरकार गम्भीर भएर लाग्नुपर्छ । यो नै दुर्घटना न्यूनीकरणको मुख्य तरिका हुनजान्छ । योसंगै ओभरलोड, ओभरटेक, उच्च गति जस्ता कार्य रोक्न ट्राफिक प्रहरीको सक्रियता बढ्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ ३१ गते मंगलबार १४ जुन २०२२ । जेष्ट शुक्लपक्ष्य पूर्णिमा । तछलाध्व पूर्णिमा ११४२ । सुर्योदय: ५:१०, सुर्यास्त: ६:५९ मा हुनेछ । मष्टो पूर्णिमा/ज्यापुन्ही ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : त्रासमय दिन हुनेछ | **तुला** | : यात्रामा खर्च बढ्नेछ |
| **वृष** | : खानपिन राम्रो हुनेछ | **वृश्चिक** | : दिन उत्साहपूर्ण बन्नेछ |
| **मिथुन** | : आत्म-विश्वास बढ्नेछ | **धनु** | : आम्दानी राम्रो हुनेछ |
| **कर्कट** | : धन खर्च हुनेछ | **मकर** | : प्रयत्न सफल हुनेछ |
| **सिंह** | : चिन्ता बढ्ने | **कुम्भ** | : प्रतिष्ठित काम गर्ने मौका छ |
| **कन्या** | : विवाद हुन सक्ने | **मीन** | : पारिवारिक जमघट हुनेछ |

# समाजवादीमा किन हुँदैछ मन्त्री फेरबदल ?



✍ हीरा विश्वकर्मा



म समेत आवद्ध भएको दलित साहित्य तथा संस्कृति प्रतिष्ठानको एउटा विशेष कार्यक्रम थियो, जसका प्रमुख अतिथि थिए दबंग मन्त्रीको उपमा पाएका पर्यटन तथा संस्कृति मन्त्री प्रेम आले । कार्यक्रम सुरु हुने भनिएको ११ बजे थियो, अरू बेलामा दलितहरूले आयोजना गरेका यस्ता कार्यक्रमहरूमा मिडिया त्यसमा पनि टेलिभिजन च्यानलहरूको उपस्थिति भनेको अपवाद मात्रै हुन्थ्यो । तर, त्यो दिन २०/२५ वटा क्यामरासहित टेलिभिजन पत्रकार तथा युट्युबरहरूको उपस्थिति थियो । मन्त्रीको व्यस्तता हुने नै भयो, त्यसकारण मन्त्री आले निर्धारित समयभन्दा दुई घण्टा ढिलो अर्थात् एक बजेतिर कार्यक्रम स्थलमा आए । आयोजकहरूले उनलाई फूलमालासहित स्वागत गर्नु त सामान्य भयो, तर दुई घण्टादेखि कुरेर बसेका पत्रकारहरूले पनि उनको निकै राम्रो स्वागत गरे । धेरै कुर्नु परेकोमा पनि खासै केही गुनासो गरेनन् ।

जब मन्त्रीले कार्यक्रमलाई सम्बोधन गरे, त्यतिबेला मन्त्रीको अनुहारै नदेखिने गरी क्यामराहरूले लछप्पै छोपे । मन्त्री आलेको पत्रकारहरू माझ यस्तो छवि यत्तिकै भएको भने होइन । यसमा उनले जनताको पक्षमा केही राम्रा कामहरू गरेका हुनाले मिडियाले उनलाई त्यसरी पछ्याएको हो । अहिलेसम्म पनि उनी मिडियामा छाइरहने मन्त्रीहरूमध्ये अग्रपंक्तिमा पर्दछन् । उनले त्यस्तो के गरे र मिडियाका उनी प्रिय हुन पुगे । यो जो कोहीका लागि पनि कौतूहलको विषय हुन सक्छ । मन्त्री आले पदमा रहेको ६ महिना मात्र नाघेको छ। यो अवधिमा उनले त्यस्तो चामत्कारिक काम केही गरेका छैनन् । तर नेपाली जनताका लागि कुनै मन्त्री वा नेताले ठूला काम होइन कि उनीहरूको दैनिक सरोकारका विषयमा सामान्य सुधारको काम गऱ्यो भने पनि त्यसले वाह्वाही पाउँछ ।

पहिलो काम मन्त्री आलेले त्रिभुवन विमानस्थलको गेटबाट आन्तरिक टर्मिनलसम्म जाने माइक्रोबसमा नि:शुल्क यात्राको व्यवस्था गरिदिए । हवाई यात्रा गर्ने सबै जनाले ट्याक्सी चढ्छन् भन्ने केही छैन । जो बस चढेर एयर पोर्ट गेटसम्म पुग्छ उसलाई त्यहाँबाट न ट्याक्सीमा जानु न हिंड्नु जस्तो हुन्थ्यो । यस्तोमा शटल बस सर्भिस त्यो पनि नि:शुल्क हुँदा त्यसले सुरुमै उनको वाह्वाही गरायो । नारायणहिटी दरबार संग्रहालय तथा पशुपति धर्मशालामा सेटिङमार्फत बतास समूहले गरेको कब्जाको विरुद्ध आलेले जेहाद नै छेडे र सरकारी सम्पत्तिको दुरुपयोग मात्रै नभई दोहन गर्नबाट रोके । ढिलोचाँडो भैरहवा विमानस्थल सञ्चालनमा आउँथ्यो नै तर त्यसलाई सकेसम्म छिटो सञ्चालन गर्नको लागि मन्त्रीले यति तदारुकता देखाए कि अहिले त्यहाँ जजिरा एयरलाइन्सको अन्तर्राष्ट्रिय उडान सुरु भइसक्यो । उनी पदमा रहे भने पोखरा एयरपोर्ट पनि चाँडै नै सञ्चालनमा आउँछ भन्ने आधार धेरै छ ।

स्वास्थ्य मन्त्री विरोध खतिवडा हाम्रो पालाका विद्यार्थी नेताबाट उदाएका राजनीतिज्ञ हुन् । हामीहरू उनको प्रखर पंचायत विरोधी भाषण सुन्न विभिन्न सभाहरूमा पुग्थ्यौं । एमालेका सशक्त खम्बाहरूमध्ये उनी पनि एक हुन् तर ओलीको पालासम्म आउँदा उनले कुनै राजनैतिक भाग पाएनन् । अत: उनी माधव नेपालको साथ लागेकाले स्वास्थ्य मन्त्री भएका छन् । उनले पद सम्हाल्दा समेत हामी सबै कोरोनाले आक्रान्त थियौं । जनतालाई जति सक्यो चाँडो र धेरैलाई खोप दिनु उनको पहिलो प्राथमिकता हुन्थ्यो । त्यसमा उनले सरदर भन्दा राम्रो गरेको जगजाहेर छ। मिडियाका समाचारहरू हेर्दा पनि उनी खोपमा सफल र स्वास्थ्यको सुधारमा असफल भन्ने देखिएको छ ।

अहिले कोरोना लगभग शान्त भएको स्थिति छ र आशा गरौं- स्वास्थ्य क्षेत्रका अनगिन्ती समस्यामा पनि उनले सफलता पाऊन् । शहरी विकास मन्त्री रामकुमारी झाँक्रीको कुरा गर्दा उनी एउटी सशक्त विद्यार्थी नेताको रूपमा उदाएकी महिला नेतृ हुन् । उनको राजनैतिक आकांक्षाहरू के थिए र छन् त्यो त्यति सार्वजनिक भएको छैन, तर माधव नेपाललाई नयाँ पार्टी खोल्न उनले खेलेको भूमिका र निर्वाचन आयोगमा नेपालको हात समातेर डोऱ्याएको दृश्य सामाजिक संजालमा निकै भाइरल भएको थियो । अहिले काठमाडौं उपत्यका फोहोरको समस्याले आक्रान्त छ र यो फोहोरको समस्या सहरी विकास मन्त्रालयसँग प्रत्यक्ष जोडिएको विषय हो । यो आलेख तयार पार्दासम्म उनको भूमिका प्रशंसा लायक छ । किनभने बञ्चरे डाँडामा काठमाडौंको फोहोर फाल्न नदिने अडान मात्रै नभई ढुङ्गामुढामा समेत उत्रेका स्थानीयलाई सम्झाएर फोहोरको समस्या तत्कालिक रूपमा भए पनि समाधान भएको छ । उनको मन्त्रालयका अन्य कामहरू पनि अगाडि बढिरहेको कुरा बाहिर आएको छ । श्रम, यातायात तथा रोजगार मन्त्री किसान श्रेष्ठ नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेललाई हराएर राष्ट्रिय चर्चामा आएका नेता हुन् । उनी ओली क्याबिनेटमा मन्त्री मात्रै थिएनन्, त्यसभन्दा अघि सांसद अपहरण काण्डमा समेत उनको नाम आएको थियो ।

कोभिडका कारणले वैदेशिक रोजगारीमा निकै ठूलो संकुचनको समस्या आएको थियो र यसमा अनेक खालका समस्या रहेको कुरा जगजाहेर छ । मन्त्री श्रेष्ठले विगत ६ महिनाको अवधिमा नयाँ श्रम गन्तव्य खोज्नुका साथै वैदेशिक रोजगारीमा रहेका विविध समस्या समाधान गर्न पहल गरिरहेको कुरा मिडियामा आइरहेकै हुन्छ । उनी स्वयं वैदेशिक रोजगार व्यवसायी पनि भएकाले यसका विविध समस्याबारे उनी जानकार छन् । अत: समाधानमा पनि उनको अनुभव काम लाग्ने देखिन्छ । भलै स्वार्थ बाझिने विषयको बारेमा छुट्टै चर्चा गर्न सकिन्छ । यहाँ उल्लेख गरिएका एकीकृत समाजवादी कम्युनिस्ट पार्टीका तर्फबाट मन्त्री बनाइएकाहरूले जनताको अपेक्षा अनुरूप काम गरिरहेकोमा शंका छैन ।

तर यसरी राम्रो काम गरिरहेका मन्त्रीहरूलाई हटाएर पार्टीमा भागबन्डा मिलाउनकै लागि किन नयाँ मन्त्रीहरू पठाउनु पऱ्यो ? हुनत सिके लाल सरकार चलाउने विषय अहिले कुनै कलकारखानामा मजदुरहरूले विभिन्न सिफ्टमा काम गर्ने जस्तो भएकोले त्यहाँ जो गए पनि फरक नपर्ने बताउँछन् । विगतदेखि अहिलेसम्म पनि भएको त्यही नै हो । त्यसैले पनि प्राय: सबैजसो मन्त्रीहरूबाट जनचाहना अनुरूप काम नभएको पनि यथार्थ हो । अहिले समाजवादीबाट प्रस्तावित मन्त्रीहरूको बारेमा चर्चा गर्नु पर्दा पर्यटन मन्त्रीको रूपमा प्रस्ताव गरिएका जीवनराम श्रेष्ठ खेलकुद क्षेत्रको शासकीय पद जस्तै खेलकुद परिषदको सदस्य सचिव तथा नेपाल ओलम्पिक कमिटीको अध्यक्ष भएका व्यक्ति हुन् । अत: उनलाई पार्टीले रिझाउनुपर्ने त्यस्तो के छ ? प्रेम आलेको ठाउँमा उनले केही नयाँ त परको कुरा कामबारे बुझ्दा बुझ्दै उनको कार्यकाल सकिने पक्का छ । मेटमणि चौधरी ओली विरुद्धको मोर्चा उत्कर्षमा पुगेको बेलामा ओलीको बारेमा मिडियामा प्रशस्तै बोलेका नेता हुन् । सायद त्यसकै गुन नेपालले तिर्नुपर्ने भएकोले होला, तर उनले रामकुमारी झाँक्रीको बदलामा केही रचनात्मक काम गर्न सक्छन् भन्ने आशा जनतालाई छैन । अहिलका स्वास्थ्य राज्यमन्त्री भवानी खापुङलाई स्वास्थ्य मन्त्रीमा बढोत्तरी नै गर्नुपर्ने कारण पनि बाहिर आएको छैन । श्रम मन्त्रीको रूपमा प्रस्तावित शेरबहादुर कुँवर सांसद पनि नभएकाले उनी त्यसै पनि ६ महिने मन्त्री हुने हो । देशले उनकोविज्ञताबाट के पाउन सक्छ भन्ने कुरा कहीकतै चर्चामाआएको छैन ।

अर्कोतिर उनी पहिले भीम रावलका स्वकीय सचिव भएको र उनले भीम रावल एमालेमै रहँदा क्याम्प छोडेर माधव नेपाललाई साथ दिएकाले उनलाई पुरस्कृत गर्न खोजिएको देखिन्छ । अहिले दलहरूले जुन तरिकाले देश चलाइरहेका छन् त्यसमा जनताले भोगेका समस्या समाधान उनीहरूको प्राथमिकतामा नभएको कुरा जगजाहेर छ । अहिले शैक्षिक योग्यतासहित छनोट गरिने शासकीय पदहरूमा बाहेक जति पनि चुनावबाट निर्मित शासकीय ठाउँहरू छन्, त्यसमा जम्मै दलका कार्यकर्ता र आसेपासेहरूले भरिएकै छन् ।

त्यसमध्येबाट केही राम्रो गर्ने शासकहरूलाई झिकेर फेरि नयाँ अनुहारहरू पठाउनु उनीहरूको जनताप्रतिको न्यूनतम जिम्मेवारीबाट समेत टाढा भएको देखिन्छ । बालेन, हर्क साम्पाङ र गोपी हमाल जस्ता स्वतन्त्र व्यक्तिहरूलाई शासकीय पदमा पठाएर जनताले स्प्ट संकेत दिंदादिंदै पनि पुन: त्यस्तै गल्ती दोहोऱ्याउँछन् भने पार्टीहरूको हविगत भीरबाट लड्ने गोरुको जस्तो नहोला भन्न सकिंदैन ।

-साभार: अनलाइनबर

# के यौनमा महिलाको भूमिका केवल "मन गर्नु" मात्र हो ?



✍ मञ्जु मिश्र

सन्दर्भमा प्रवेश गर्नु अघि एउटा चलिरहेको सन्दर्भ हेरौं, 'मन मिलुन्जेल प्रेम, मन नमिले पछि बलात्कार ।' यसले पुरुषहरूलाई ठुलो सास्ती दियो । याने कि कुनै महिलाले म माथि बलात्कार भयो भनी उजुरी गरिन् भने प्रहरीको पहिलो कर्तव्य बनोस् कि त्यहाँ मन मिलेर पो यौनसम्पर्क भयो कि ? यसले पुरा पितृसत्तामाथि प्रहार गर्‍यो भनेर पो बुझ्ने कि ? किनभने सदियौंदेखि यहाँ यौन पुरुषहरूको विषय मात्र हो, महिलाको विषय होइन । यसलाई पुरुषहरूद्वारा उपभोग गर्न प्रकृतिले रोकेको छैन । यौनमा महिलाको भूमिका केवल 'मन गर्नु' मात्र हो ? के महिलाको सहभागिता पुरुषलाई मन लाग्न दिनु हो ?

प्रकृतिले महिला र पुरुष दुवैलाई यौनांग दिएको छ । दुवैका यौनजन्य अंगले जैविक र सायन उत्पादन गर्न सक्छन् र ती रसायनहरू एक हुँदा अर्को एउटा सृष्टि जन्मन्छ । के पुरुषहरूको वीर्यले मात्र यो सृष्टि चलेको हो ? र उनीहरूमा यति धेरै यौनेच्छको वास छ ? प्रश्न हो ती समाजशास्त्रीहरूलाई, जसले बलात्कार एक सामाजिक घटना हो भनेर अर्थ्याउँछन् ।

इतिहासवेत्ताहरूका अनुसार प्राचीन कालमा यौनको सर्वसत्ता स्त्रीहरूमा थियो । पुरुषहरू महिलासँग यसकारण संगठित हुन आउँथे कि त्यहाँ गएपछि यौनसम्पर्क राख्न पाईन्छ । महिलाहरूबाट सुरक्षा प्राप्त हुन्छ । तर उनीहरूले नै महिलाहरूलाई यौन दासीका रुपमा परिभाषित गरिदिए । यसरी प्राचीन समयमा यौनसँग पराधीन पुरुषहरूले बिस्तारै महिलाहरूलाई यौनमा पराजित गर्दै गए ।

मनोवैज्ञानिकहरू बलात्कार मानसिक रोगको एक उपज हो भनेर आफ्ना मत राख्छन् । तर, यौन महिलाको मनोविज्ञानमा किन यति उग्र भएर पलाएन ? किन उनीहरू कुनै पुरुषलाई बलात्कार नै गर्न सक्दैनन् ? त्यसैले यो प्रश्न हो मनोवेत्ताहरूलाई । उसो त धर्मशास्त्रमा स्त्रीलाई पतिब्रता हुनु धर्म हो भनेर सिकाइयो तर पुरुषका बारेमा धर्मशास्त्र मौन रह्यो । एक नारी ब्रह्मचारी हुनु अनि देवब्रत रहनु उतिवेला क्षत्रीय धर्म हुँदैन थियो । अचेल त यी दुवै विषय नपुंसकहरूका विषय बन्दै गएका छन् । केही मानिसहरूले यौनलाई पशुतुल्य व्यवहार भनेको पनि सुनियो । तपाईंले कुनै पशुले मैथुन गर्दै गरेको देख्नु भएको छ ? के कुनै कुकुरले सानो भर्खर जन्मिएको छाउरीलाई यौनसम्पर्क गरेको कहिलै देख्नु भयो ? के आमाको दूध खाने बाच्छीलाई कुनै बयस्क गोरुले करणी गरेको देख्नु भएको छ ? तर मानिसले यो सबै गरेको हामीले देखिसक्यौं । ६ महिनाको शिशुसमेत बलात्कृत भएका उदाहरण छन् । कतिसम्म भने आफैले जन्माएको नाबालक छोरीसमेतलाई आफ्नै वाबुले बलात्कार गरेका घटना अदालतमा बग्रेल्ती छन् । अनि यो कसरी पशुजन्य क्रियाकलाप भयो ?

अव प्रवेश गरौं सन्दर्भतर्फ । हिजोआज नेपाली समाजमा मूलत: दुई विषयमा छलफल केन्द्रीत छ, एउटा हो बलात्कारमा लाग्दै आएको हदम्याद हटाउने वा त्यसलाई बढाएर असीमित पार्ने, ता कि बलात्कारी जुनसुकै समयमा सजायको भागीदार बनोस् ।

अर्को हो, यसले पुरुषहरूलाई अन्याय गर्‍यो, किनकि सहमतिमा यौन सम्पर्क गर्ने र पछि कुरा नमिलेपछि बलात्कार भन्दिने हो भने यहाँ पुरुषहरूको खैरियत छैन । मेरो प्रश्न हो, कुरा नमिलेपछि भन्नुको तात्पर्य माथि । मतलब, कुन 'सिच्युसन'मा सम्पर्क भएको थियो ? त्यो कुरा रहुन्जेल सेक्स र कुरा विग्रिएपछि बलात्कार ? यी कुराहरू किन पुरुषले मात्र मिलाउन सक्नुपर्ने, किन महिलाहरूले ती कुराहरू पुरुषहरूवाट प्राप्त गर्नुपर्ने ? के ती कुराहरू यौन सम्पर्क राख्दाका बखतका शर्त तथा बन्देजहरू हुन् ? कस्ता हुन्छन् ती कुरा, जो बिग्रिएपछि सहमतिको यौन सम्बन्ध पनि बलात्कार हुन जान्छ । आउनुस्, केही उदाहरण हेरौं:

१. विद्यार्थी संगठनको एक नेताले, भर्खर विद्यार्थी राजनीतिमा आउँदै गरेकी किशोरीलाई भन्यो, 'तिमीलाई म संगठनको केन्द्रीय सदस्य बनाईदिन्छु, बस् कहिलेकाहीं मेरो मन राख्न मसँग बसिदेऊ ।' सँगै थप्यो, 'यौन सम्पर्क केही ठुलो कुरा होइन । मन मिलेपछि जसका बिचमा पनि हुन सक्छ ।' केटी राजी भई । 'कुरा मिल्यो ।'
२. मानव अधिकारवादी संगठनको हाकिमले आफ्नो संस्थामा इन्टर्नसिप गर्न आएकी इन्टर्नलाई तिमी जागरुक छौ, पढिरहेकी छौ । तिम्रो भविष्य अव यही क्षेत्रमा हुनुपर्छ भनेर ढाडस दियो । अंगाल्यो र केटीलाई पगाल्यो । अनि सहमतिमा यौन सम्बन्ध राख्यो । कुरा यहाँ पनि मिल्यो ।
३. एउटा शिक्षकले आफ्नो विद्यार्थीलाई ट्युसन पढ्न सहयोग गर्‍यो । पढाउँदा पढाउँदै उसले संवेदनशील अंग छोयो । केटीले अप्ठ्यारो लाग्दा लाग्दै शिक्षकलाई आफूमाथि हावी हुन दिई । विवाह गर्छु भन्यो, पत्याई । राजी भई । 'कुरा मिल्यो ।'

किन यौन पुरुषको अधिनमा छ, यसको जवाफ खोजिएकै छैन । महिला अधिकारकर्मीहरू पितृसत्ताले गर्दा यस्तो भएको हो भन्दै नारा लगाउँछन् । उनीहरू बलात्कारलाई पुरुषको शक्ति प्रदर्शन गर्ने माध्यम हो पनि भन्छन् तर महिलाहरू पनि त सत्तामा छन्, महिलाहरू पनि त शक्तिमा छन् । विद्यार्थी नेता पनि महिला छन्, शिक्षक पनि महिला छन् । अनि त्यो मानवअधिकारवादी संगठनमा पनि त महिला हाकिम छन् । कुनै पुरुषले आजसम्म मसँग 'कुरा मिलाएर' फलानीले बलात्कार गरी भन्दै कुनै उजुरी आउँदैन । ठुल्ठुला कलाकार, निर्माता पनि छन् महिला, कुनै जुनियर पुरुष कलाकारले मलाई त्यो नायिकाले बलात्कार गरी भन्न किन आउँदैन ? केही दिन अघि मात्र भारतीय समाचार पत्र दैनिक भास्करमा एकजना भारतीय पत्रकारले श्रीलंकाको पछिल्लो आर्थिक संकटका बेला त्यहाँस्थित केही सहरहरूमा एउटा भ्रमणमा गएको समाचार लेखेकी छिन् । त्यहाँ उनले श्रीलंकामा अहिले यौन व्यावसाय फस्टाएको रिपोर्ट लेखेकी छन् । उनले लेखेकी छिन्, 'मैले यौनधन्दा हुने ठाउँ खोजी गर्न जाँदै गर्दा एकजना जिगलोलाई भेटे, जिगलो अर्थात पुरुष वेश्या, जसले यौन व्यावसाय गरेर आफ्नो र परिवारको पेट पालिरहेका थिए । यद्यपि श्रीलंकामा वेश्यावृत्तिलाई कानूनले बन्देज गरेको छ । तर त्यही व्यावसायका माध्यमबाट केही परिवारहरू दैनिक गुजारा गरिरहेका छन् ।'

हाम्रो देशमा पनि यदाकदा जिगलोहरू भनेर समाचार बनेको, पढेको जस्तो लाग्छ । उनीहरुलाई समाजले एक विवश पात्र भनेर उभ्याइदिन्छ भने महिला वेश्यालाई चरित्रहीन भनेर अर्थ लगाईदिन्छ । केही दिनयता बलात्कारको हदम्याद सम्बन्धमा अनेक हल्ला भएका छन् । यसपटक सदनमा नै उभिएर एक महिला सांसदले बलात्कारमा हदम्याद नलगाउने हो भने धेरै पुरुषहरूको जिन्दगी जेलमा नै सड्ने तर्क गरिन् । कुन पुरुषको जिन्दगी सड्छ, त्यही कुरा मिलाएर यौनसम्पर्क राख्ने हो र ? तिनले हदम्यादलाई पुरुषहरू विरुद्ध प्रयोग हो भनेर सार्वभौमसत्ता सम्पन्न सदनमा, १३ वर्षमा नै केटीहरू यौनले परिपक्व हुन्छन्, विहे गरी दिएदेखि टन्टै साफ हुन्छ भन्दै जनमतको अवज्ञा गरिरहेका त छैनन् ? यो बहसको अर्को पाटो हो । केही महिलाहरूलाई अहिले सञ्जालभरी हदम्यादबारे यथास्थिति पनि धेरै छ, अझै कम गरियोस् भन्न हिच्किचाउने रहेनछन् । जसलाई कुरा मिल्नाले अवसर जुटेको छ, उनीहरूलाई 'रेप' भएको छैन, केवल उनीहरूका कुरा मिलेसम्म ।

-बाँकी ३ पेजमा...

# के अब अमेरिकामै बस्दैछिन् वर्षा ?



काठमाडौं/ अभिनेत्री वर्षा सिवाकोटीलाई संसारको सबैभन्दा शक्तिशाली देश अमेरिका पानी पधेरो झैं हुन थालेको छ । उनले वर्षमा एक वा दुईपटकसम्म अमेरिका भ्रमण गरेकै हुन्छिन् । श्रीमान् पनि अमेरिका बस्ने नै रोजेकी उनी विवाहपछि पहिलो पटक अमेरिका पुगेकी छन् । यतिबेला उनले सामाजिक सञ्जालमा श्रीमान् र आफन्तसँग अमेरिका घुमघामका तस्विरहरु पोस्ट गरिरहेकी छन् ।

गत बैशाख ९ गते प्रेमी आशिष गेलालसँग वर्षाको लगनगाँठो कसिएको थियो । उनीहरुको विवाह अत्यन्त गुपचुप राखिएको थियो । विवाहपछि यो जोडी हनिमुन मनाउन पर्यटकीय नगरी पोखरा पुग्यो । त्यहाँ केही दिन विताएपछि वर्षाका श्रीमान् विवाहको ९/१० दिनमै अमेरिका प्रस्थान गरे । उता, वर्षा आफू अभिनीत फिल्म 'लक्का जवान'को प्रचार र हलमा दर्शकसँग भेट्न व्यस्त रहिन् ।

विवाहपछि एक फ्यानले इन्स्टाग्राममा 'अब अमेरिका बस्ने कि नेपाल'भनेर सोधेको प्रश्नमा वर्षाले 'श्रीमान् जहाँ म पनि त्यहीँ' भन्ने जवाफ फर्काएकी थिइन् । यो जवाफले अब उनी श्रीमानसँग अमेरिकामै बस्ने सोच बनाएको आशंका धेरैले गरे । वर्षाले बिहेपछि फिल्म र म्यूजिक भिडियोको अफर नकार्दै श्रीमानको साथमा पुग्नुले अब उनी अमेरिकामा नै सेटल हुन थालेको चर्चा चलेको छ ।

'लक्का जवान' व्यावसायिक रुपमा असफल भएपछि निराश भएकी वर्षाको नयाँ फिल्म 'परदेशी २' आगामी दशैंमा प्रदर्शन हुँदैछ भने अर्को फिल्म 'ए साथी सुन' पनि प्रदर्शनको पखाईमा छ । अमेरिका उड्नुभन्दा अघि उनले यो फिल्मको डबिङ पूरा गरेकी थिइन् । अब उनी अभिनयलाई निरन्तरता दिन यूएसबाट नेपाल फर्किन्छिन् वा फर्किन्नन्, धेरैका लागि चासोको विषय बनेको छ ।

-साभार: फिल्मीखबर

# कृषकलाई मल उपलब्ध गराउन सभामुख सापकोटाको 'रुलिङ'



काठमाडौं/ सभामुख अग्निप्रसाद सापकोटाले कृषकलाई मल उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

आइतबार प्रतिनिधिसभाको बैठकमा सभामुख सापकोटाले खेतीको समयमा मल उपलब्ध नभएकोप्रति आफ्नो ध्यानाकर्षण भएको बताए । उनले कृषकलाई यथाशीघ्र मल उपलब्ध हुने गरी व्यवस्थापन गर्न सम्बन्धित मन्त्री तथा सरकारलाई 'रुलिङ' गरे । उनले भने, 'माननीय सदस्यहरू, खेतीको समयमा पनि मल उपलब्ध नभइरहेको सन्दर्भमा माननीय सदस्यहरूले उठाउनुभएको कुरामा मेरो ध्यानाकर्षण भएको छ । यथाशीघ्र कृषकहरूलाई मल उपलब्ध हुन सक्ने गरी व्यवस्थापन गर्न/गराउन म सम्बन्धित मन्त्री एवं नेपाल सरकारको ध्यानाकर्षण गराउँदछु ।'

प्रतिनिधिसभा बैठकको शून्य समयमा बोल्ने सांसदहरूले खेतीको समयमा पनि मलको अभाव भएको भन्दै मलको व्यवस्थापन गराउन सरकारसँग माग गरेका थिए ।

-साभार: बाह्रखरी

# जनवरीदेखि पोखरामा प्याराग्लाइडिङ बन्द हुन सक्ने

पोखरा/ निर्माणाधिन पोखरा अन्तराष्ट्रिय विमानस्थलका कारण यहाँ हवाई खेलकुद गर्न नमिल्ने भएको छ । पोखराको पहिचान बनेको प्याराग्लाइडिङ स्थानान्तरण गर्न नागरिक उड्डयन प्राधिकरणले निर्देशन दिइसकेको छ । आउँदो १ जनवरीभन्दा पहिले नै प्याराग्लाइडिङ विस्थापित गर्नुपर्ने प्राधिकरणको निर्देशन छ । यहाँबाट जहाज उड्नुअघि नै प्याराग्लाइडिङलाई पोखराबाट हटाउनु पर्ने सर्त छ ।

'अन्तराष्ट्रिय उडान गर्ने भए पोखरामा प्याराग्लाइडिङ सम्भव छैन । मैले साथीहरूलाई त्यहि भनिदिएको छु,' प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले भने, 'पोखरामा अब प्याराग्लाइडिङ उड्न सम्भव छैन ।' उडानको सुरक्षाका लागि यहाँ हवाई गतिविधि गर्न नमिल्ने भएको हो ।

सराङकोट र आसपासका डाँडाबाट दैनिक पोखरामा सयौं प्याराग्लाइडर उड्छन् । पोखरा आउने पर्यटकका लागि महत्वपूर्ण आकर्षण हो, प्याराग्लाइडिङ । तर, अन्तराष्ट्रिय विमानस्थलका कारण यो व्यवसाय पोखराबाट विस्थापित हुने भएको छ । प्राधिकरणले अंग्रेजी नयाँ वर्षबाट अन्तराष्ट्रिय उडान थाल्ने तयारीअनुसार प्याराग्लाइडिङ सार्न व्यवसायीलाई बोलाएरै आग्रह



गरेको हो । पोखराबाट वर्षेनी एक लाख ५० हजार पर्यटकले प्याराग्लाइडिङ गर्छन् । ६० वटा कम्पनीले यहाँ प्याराग्लाइडिङको सुविधा दिएको छ । ६ सयभन्दा बढी कर्मचारी यो व्यवसायमा प्रत्यक्ष आबद्ध छन् । व्यवसायीहरूले भने प्याराग्लाइडिङ विस्थापित गर्दा पोखराको पर्यटनमै धक्का लाग्ने बताएका छन् । नेपाल हवाइ खेलकुद संस्था (ना) का अध्यक्ष कृष्ण भण्डारी पोखरामा प्याराग्लाइडिङका लागि भनेरै पनि पर्यटक आउँछन् ।

'हिमालदेखि तालसम्म सुन्दर दृश्य हेर्न पाउँछन् । यहाँको हावापानीका कारण पनि प्याराग्लाइडिङ उत्कृष्ट बनेको छ,' उनले भने, 'पोखराबाट विस्थापित गर्नुपरे बर्बाद हुन्छ । पर्यटन धरासायी हुन सक्छ ।' व्यवसायीहरूले वैकल्पिक व्यवस्थाका लागि सरकारसँग आग्रह गरेका छन् । उनीहरुले सकेसम्म पोखराबाट विस्थापित नगर्न भनेका छन् । पोखराको प्याराग्लाइडिङ विश्वमै उत्कृष्ट गन्तव्यमध्ये तेश्रोमा पर्छ । यहिँबाट विस्थापित भए पर्यटकको संख्या पनि घट्ने व्यवसायीहरूको भनाइ छ ।

प्याराग्लाइडिङसँगै पुतली जहाजको रुपमा परिचित अल्ट्रालाइट र जाइरोकोप्टरले पनि विकल्प खोज्नुपर्ने अवस्था आएको छ । हरेक दिन अल्ट्रालाइटले पोखरा बजार सहित हिमालको छेउसम्म यात्रुलाई घुमाउने गरेको छ । विशेषत: चिनियाँ पर्यटकको रोजाइमा पर्छ, अल्ट्रालाइट र प्याराग्लाइडिङ ।

-साभार: इकागज

# नारायणी आसपासमै सुक्दैछ पानीको बोरिङ

नवलपुर/ खिमानन्द भुषालको परिवार नवलपुरको देवचुली-११ प्रगतिनगर धारापानीमा बस्न थालेको ३५ वर्ष भयो । उनको घर नारायणी नदीबाट करिब २ किलोमिटर पर छ । चितवन राष्ट्रिय निकुञ्जको जंगल र चुरे पहाड पनि उनको घरबाट नजिकै पर्छन् । त्यसैले उनले तराईको जंगल, नदीदेखि पहाड सबैलाई नजिकैबाट देख्दै आए ।

'पहिले नारायणी नदीको किनारमा मयुर नाच्थे, नदीमा गोही, ठूला माछाहरू हुन्थे, यहीं आएर बाघले पानी खान्थे, अन्य वन्यजन्तु पनि नदी आसपासमा प्रसस्त देखिन्थे,' भुषाल भन्छन्, 'अचेल त यस्ता दृष्य दुर्लभ बने । पहिले मान्छेहरू नारायणीको पानी अँजुलीमा भरेर पिउँथे । अचेल त सकिँदैन ।'

खिमानन्द भुषाल अहिले त्यहाँका बासिन्दा मात्रै होइनन्, पुरै नवलपुरको जिल्ला खानेपानी तथा सरसफाई उपभोक्ता महासंघका अध्यक्ष हुन् । जिल्लाभरका बासिन्दालाई सहजरुपमा स्वच्छ पानी खुवाउने जिम्मेवारी उनको काँधमा छ ।

'नारायणी नदी र आसपासका जंगलमा पहिलेको जस्तो प्राकृतिक सौन्दर्यता हराएको मात्रै छैन, नदीमा बढ्दो प्रदुषण, चुरे बिनास, तालतलैयाहरु सुक्दै गएका कारण पिउने पानीको स्रोत पनि घट्दै गएको छ,' उनले भने, 'स्रोत घट्दै जाँदा संकट निम्तने हो कि भन्ने चिन्ता बढेको छ ।'

तराई क्षेत्रमा जमिनमा बोरिङ गाडेर निकालिएको पानी पिउनेदेखि खेती, बालीमा प्रयोग गर्ने चलन छ । भुषालकाअनुसार गएको वर्षभरि जिल्लाभरका ५ वटा बोरिङबाट पानी आउनै छाडेका छन् । सुकिनसकेका केही बोरिङले दिने पानी हरेक वर्ष घटेको छ । चुरे नजिकका गाउँहरूमा पानी निकाल्न पहिले भन्दा निकै बढी खन्नु परेको छ । नारायणी नदीको नजिकै पनि पहिले जति गाहिराईमा पानी फेला पर्दैन । 'नारायणी नदी नजिकै पहिले २० मिटर गहिराईमा पानी भेटिन्थ्यो । अचेल भेटिँदैन,' उनले भने, 'चुरेको फेदीमा त पानी निकाल्न डेढ सय मिटर खन्नुपर्छ ।' यो समस्या बढ्दै जाँदा पिउने पानीको स्रोत नै सकिने पो हो कि भन्ने चिन्ता भएको भुषाल बताउँछन् ।

तराईमा पानीको स्रोत कम हुँदै जानुको मुख्य कारण यहाँका नदी, जंगल, सिमसार क्षेत्र, चुरेलगायतमा बढ्दो प्रदूषण र विनास नै रहेको विज्ञहरु बताउँछन् । यसका अलावा पहाडी क्षेत्रमा पानीको मुहान क्षेत्र बढ्दो विनास पनि यसको कारण हो । समस्या बढ्दै गएपछि पानीको स्रोतसँग जोडिएका समस्यालाई सुल्झाउन नवलपुरको गैंडाकोटमा रहेको सहमती नामक संस्थाले विश्व वन्यजन्तु कोष(डब्लुडब्लुएफ)सँग मिलेर 'सिमसार क्षेत्र पुनर्स्थापना र नारायणी तटीय सामूहिक प्रयास तथा कार्ययोजना' सञ्चालन गरेको छ ।

यो संस्थाका कार्यक्रम संयोजक दिनेश बस्ताकोटीले नारायणी नदीलाई प्रदूषित बन्न नदिने, सिमसार क्षेत्र थप्ने, व्यवस्थित बनाउने काम डब्लुडब्लुएफसँगको सहकार्यमा भइरहेको बताए । यसका लागि हरेक हप्ता नारायणी नदी सफा गर्ने, नदी नजिक बसोबास गर्ने समुदायलाई जिविकोपार्जनका लागि विकल्प दिने, वन संरक्षणसम्बन्धी सचेतनाका कार्यक्रम सञ्चालन गर्ने, सिमसार क्षेत्रको व्यवस्थापन गर्ने, नयाँ तालहरू निर्माण गर्ने जस्ता कामहरू भइरहेको बस्ताकोटीले बताए ।

पिउनेपानीबाट बञ्चित समुदायका लागि घर-घरमा धारो पुर्याएर पानीको स्रोत संरक्षणमा लाग्न प्रेरित गरिरहेको उनले बताए । नवलपुरका पहाडी गाउँहरूमा पिउने पानीको समस्या अझै बढी छ । सिमसार क्षेत्र पुनर्स्थापना र नारायणी तटीय सामूहिक प्रयास तथा कार्ययोजना परियोजनाअन्तर्गत सरोकारवालालाई राखेर जलसंबाद तथा अन्तरक्रिया पनि गर्ने गरिएको छ । 'यसले पानीको स्रोत संरक्षण कसरी गर्न सकिन्छ भन्ने कुरा सबैतहसम्म पुर्याउन मदत पुग्छ । नदी, वन, सिमसार क्षेत्रमा आश्रित सामुदायलाई पनि यसमा सहभागि गराउँदै विकल्प दिएर सघाउँदै आएका छौं,' उनले भने ।

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ)का प्राग्राम एसोसिएट करुण देवानले २ वर्ष देवघाटदेखि त्रिवेणीसम्म नारायणी नदी र आसपासका क्षेत्रको अध्ययन गरेपछि यस क्षेत्रमा पानीको स्रोतको संरक्षणका लागि बेलैमा केही गर्नैपर्ने आवश्यकता महसुस भएको बताए । सहरीकरण, औद्योगिकीकरण, प्रदुषण बढ्दोक्रममा रहेको, निकुञ्ज र मान्छेबीचको द्वन्द्व बढ्दोक्रममा रहेको अवस्थामा तत्कालै केही नगरे भविष्य विकराल बन्नसक्छ भनेर अग्रसरता लिइएको उनले बताए ।

'हामीले गतवर्षबाट कार्यक्रम सुरु गर्यौं । सिमसार क्षेत्र संरक्षण, वरपरका मान्छेका लागि जनचेतना, नदी आसपासका मान्छेका लागि वैकल्पिक आयआर्जनका कार्यक्रम ल्याउँदै नदीमा आश्रित हुनेक्रम घटाउने कार्यक्रम हामीले सञ्चालन गर्यौं,' उनले भने, 'यसको प्रभाव बिस्तारै देखिन थालेको पनि छ ।'

उनले नदीको संरक्षणका लागि चितवन, मकवानपुर र नवलपुरमा नदी आसपासका उद्योगी, होटल, रेष्टुरेन्ट व्यवसायी, निकुञ्जलगायतका सबै सरोकारवालालाई एक ठाउँमा राखेर संरक्षण अभियान सञ्चालन गर्न थालिएको बताए । देवानले पानीको प्रयोग सबैभन्दा बढी कृषि क्षेत्रमा हुने भएकाले यसको समुचित प्रयोगका लागि किसानलाई सिकाउने काम पनि गरेको बताए ।

'पिउने पानीको अभाव भएको ठाउँमा उपलब्ध गराउनेदेखि, पानी पर्याप्त भएर पनि व्यवस्थितरुपमा प्रयोग नभएका ठाउँमा तालिम नै सञ्चालन गरेर सिकाउने गरिएको छ,' उनले भने । सहमती संस्थाका बस्ताकोटीले पानीको स्रोतमा मानव चाप घटाउन १६० परिवारलाई वैकल्पिक आयआर्जनमा प्रोत्साहन गरिएको बताए । २०४ जनालाई कृषिमा प्रोत्साहित गर्नेगरी तालिम दिनुका साथै खेतीमा सहयोग गरिएको उनले बताए । १८ देखि २५ वर्षसम्मका १४ जना महिलाहरूलाई ब्युटिपार्लर र ९ जना युवालाई ड्राइभिङको तामिल दिइएको उनले बताए । 'बाँच्नका लागि खोला, जंगलमात्रै साहरा हो भन्नेहरू अहिले कृषिमा राम्रो गरेर व्यवसायिक किसान हुन थालेका छन् । युवाहरू स्वरोजगार हुने दिशामा लागेका छन्,' बस्ताकोटीले भने, 'यो क्रमलाई बढाउँदै लगेर कार्यक्रमलाई प्रभावकारी बनाउने लक्ष्य हाम्रो छ ।'

यो कार्यक्रम गैंडाकोट नगरपालिकाको झरही खोलादेखि मध्यवन्दु नगरपालिकाको चिसापानी घाटसम्म नारायणी नदी आसपासमा बसोबास गर्ने बोटे, माझी, मुसहर, मगर, कुमाललगायतका सामुदायमा सञ्चालन गरिएको उनले बताए ।

उनले नवलपुरका विभिन्न सामुदायिक वन क्षेत्रमा पाँच वटा नयाँ तालहरू निर्माण गरिएको बताए । दुईवटा तालहरू निर्माणको चरणमा रहेको उनले बताए । 'यी ताल नजिकका क्षेत्रमा अहिले पानी निकाल्न धेरै खन्न पर्दैन । ताल बन्नुअघि यही ठाउँमा जमिन मुनिबाट पानी निकाल्न ठूलो समस्या हुन्थ्यो,' उनले भने । सहमती संस्था र डब्लुडब्लुएफले सञ्चालन गरेको कार्यक्रमले ताल निर्माणमामात्रै ५० लाख रुपैयाँ खर्च गरिसकेको छ । थप २० लाख रुपैयाँ ताल निर्माणमै खर्च गर्ने योजना छ ।

बस्ताकोटीकाअनुसार सन् २०२१ को अक्टोवरबाट सुरू भएको यो कार्यक्रम २०२३ को फेब्रुवरीसम्म चल्नेछ । यो अवधिमा डेढ करोड रुपैयाँ खर्च हुने उनले बताए । 'नारायणी, राप्ती नदी सरसफाईमा पैसा खर्च गर्ने गरेका छैनौं । स्वतस्फूर्तरुपमा सरसफाईमा सहभागी हुने गरिएको छ, नदीमा सरसफाईपछिको प्रगतिको विषयमा मासिकरुपमा अनुगमन पनि हुन्छ,' उनले भने । नारायणी नदीले नवलपुर र चितवनकोभरतपुर महानगरपालिकालाई छुन्छ । भरतपुर महानगरपालिकाले महानगरभरीको फोहोर नारायणी नदीकै किनारमा लगेर फाल्ने गरेको छ । यसले संरक्षणमा असर गरिरहेको छ । बस्ताकोटीले यस विषयमा भरतपुर महानगरपालिकासँग पनि पटक-पटक कुरा भएको बताए । महानगरले छिट्टै फोहेर व्यवस्थापनको नयाँ विकल्प टुंग्याएर नारायणी नदी आसपासमा फोहोर फाल्न बन्द गर्ने आवश्वासन दिएको उनले बताए ।

डब्लुडब्लुएफका देवानले वातावरण संरक्षणका विषयमा सरकारी निकायको ध्यान कम पुग्ने गरेको बताए । सबै स्थानीय तहमा वातावरण शाखा स्थापना गरिएको भएपनि ती शाखाहरूले प्राथमिकताको पहिचानै गर्न नसकेको उनले बताए ।

'मान्छेले पानी पिउन नपाउने त ठूलो सवाल हो । यसमा थोरै माथिबाट सोच्नुपर्छ । नीतिगत तहबाटै सोच्नुपर्छ,' उनी भन्छन्, 'नीतिगत तहले काम गरेन भने स्थानीय स्रोत साधनको सही परिचालन हुन सक्दैन । हामीले यस विषयमा सरकारी निकायको ध्यानाकर्षण गराउने काम पनि गर्दै आएका छौं ।'

उनले नारायणी नदीमा प्रदूषण कम गर्ने, नदी तटीय क्षेत्रमा आश्रित परिवारको जीविकोपार्नन सुधार, पानीसँग सम्बन्धित जोखिम कम गर्ने, सिमसार क्षेत्रको संरक्षण, नदीको अनुगमन, पानीको उचित प्रयोग, स्थानीय सरकारसँग समन्वयमा प्रदेश तथा संघीय सरकारलाई नीति निर्माणमा सहयोग गर्दै आएको बताए ।

-साभार: सेतोपाटी

# के यौनमा महिलाको ...

कुरा नमिलेका भए त पीडा कहाँसम्म हो अनुमान गर्न सायद हामी असमर्थ छौं । यौन केवल पुरुषको भावना हो, जो कसैगरे पनि प्राप्त हुनुपर्छ भन्ने जुन सभ्यताको विकास हुँदैछ, यसैमा जहाँ यौनसम्पर्क गर्न मन लाग्दा पनि महिलाको दोष र नलाग्दा पनि महिलाको दोष मानिन्छ ।

जबसम्म यौन महिलाको पनि विषय बन्दैन, अर्थात् यौन पुरुषको मात्र बिषय हुन्छ, तबसम्म महिलाहरू पुरुषबाट बलात्कृत भई नै रहन्छन् । किन संसारभरी महिलामात्र बलात्कृत हुन्छन् ? किन पुरुषमाथि बलात्कार हुँदैन ? या फेरि पुरुषहरू आफै बलात्कृत हुन चाहन्छन् ? एउटा लोग्नेमान्छे कुनैपनि महिलाबाट छोइन, वा उससँग यौन सम्पर्क राख्न चाहना राख्छ, कोसिस गर्छ । र, अन्त्यमा मन नमिले बलात्कार गर्न पनि तयार हुन्छ । ठ्याक्कै यही कुरा महिलामा किन विकसित भएन् त ?


म अधिवक्ता पनि हुँ । एकजना महिला मसँग आफ्नो किशोरी छोरीमाथि एक वयस्क पुरुषले गिद्धेनजर लगाएको भन्ने समस्या लिएर आउनु भयो । स्थिति कहाँसम्म थियो भने केही दिन अगाडि पत्रकार कञ्चन न्यौपानेले सेतोपाटीमा जुन ढंगले आफूमाथि कसैको पागलपनले गर्दा बेहोरेको हिंसाबारे लेखेकी थिइन्, हो त्यतिकै असहज प्रकृतिको थियो उनको कुरा । ती महिला कुनै हालतमा समाचार नआई गोप्यमा नै मिलाउन चाहिरहेकी थिइन् । यौन सम्बन्धि हिंसा गोप्य नै हुन्छ, मुद्धा चुपचाप नै हुने भयो । आज तिनैलाई हदम्याद पुरुषहरूको न्यायको विरुद्ध छ, भन्दै बोलिरहेको देखेँ । तपाईं हामी यदि यो मान्न तयार छौं कि हदम्याद पुरुषहरूको न्यायको विरुद्ध छ । त्यसो हो भने हामी पुरुषलाई यत्रतत्र बलात्कार गर्न दिऊँ । किनकि मात्र कुरा मिलाइ रहन सकियो भने त्यो बलात्कार नै होइन । बलात्कार नहुने देशमा हामी एक नम्बरमा आउँछौं, किनकि हाम्रोमा कुरा मिल्छ । किनकि हाम्रा कानून निर्माताहरू सदनमा गएर कुरा मिलाएर यौनसम्पर्क गरेकाहरूलाई अन्याय हुन्छ भनेर चिन्तित छन् । यस्ता कुरा मिलाउने ठाउँ वेश्यालय हुनपर्ने हो । हामीले आवाज उठाउन नसकेको अति आवश्यक रेडलाइट एरियाहरू हुनुपर्ने हो । तर विडम्वना हाम्रो घर, कोठा, स्कुल, कार्यालय वा सार्वजनिक स्थलहरू कुरा मिलाउने ठाउँमा परिणत हुँदैछन् । किनकि यहाँ जो बलात्कारको सिंढी चढ्दै गर्दा यो विर्सिन्छन् कि म बलात्कृत थिएँ । किनकि त्यो मुकाममा पुग्दा उनीहरूका कुरा मिलिसकेका हुन्छन् ।

*लेखक अधिवक्ता हुन्*

*-साभार: रातोपाटी*

# सलिनमानको फेरिएको लुक्स

काठमाडौं/नेपाली फिल्ममा चकलेटी हिरोहरुको अभाव छ । केही वर्षयता अनमोल केसी र प्रदीप खड्काले लभस्टोरी फिल्मको भार थेगेर बसेका छन् । लभस्टोरी फिल्म बनाउन चाहने मेकरले सबैभन्दा पहिला उनीहरुलाई सम्झन्छन् । तर, उनीहरुले वर्षमा मुश्किलले दुईटासम्म फिल्म गर्ने भएकाले मेकरहरु विकल्प खोज्दै विभिन्न अभिनेतासम्म पुग्ने गर्छन् । त्यसमध्येमा पर्छन्, सलिनमान बनियाँ । फिल्म 'ए मेरो हजुर २'बाट अनमोल र प्रदीपको प्रतिस्पर्धीको रुपमा उदाएका सलिनले दोस्रो फिल्म साइन गर्न झन्डै दुई वर्ष लगाए ।





उनले अभिनय गरेको दोस्रो फिल्म 'यात्रा' रिलिज भएको पनि तीन वर्षभन्दा बढी भइसकेको छ । तर, उनले तेस्रो फिल्म साइन गरेको जानकारीमा छैन । लभस्टोरी फिल्मबाट राम्रो माग भएपनि उनले फिल्ममा अभिनय गर्ने इच्छा नदेखाउने गरेको बताइन्छ ।

मंगोलियन लुक्स, फरक हेयर स्टाइल र ड्रेसअपका कारण पहिलो फिल्मबाटै दर्शक र मेकरको नजरमा परेका उनको यतिबेला लुक्स फेरिएको छ । प्राय: क्लिन सेभ गरिएको फेसमा देखिने गरेका सलिनले अहिले दाह्री र जुँगा पालेका छन् । उनकी प्रेमिका अस्प्रिना जिन्हा श्रेष्ठले आफ्नो इन्स्टाग्राममा पोस्ट गरेको तस्विरमा सलिनलाई दाह्री र जुँगामा निकै अलग र अनौठो देखिएको छ ।

फिल्ममा प्रवेशपछि उनले दाह्री-जुँगा हुर्काएको पहिलो पटक हो । यसैले उनको नयाँ लुक्स नयाँ फिल्मका लागि त होइन भन्ने चासो धेरैमा छ । नेपाली फिल्ममा चकलेटी हिरोहरुको खडेरी रहेको अवस्थामा उनी जस्ता अभिनेता भूमिगत हुनु राम्रो होइन । उनलाई पर्दामा पर्खेर बस्ने दर्शकको संख्या ठूलो छ । सलिनमानको नयाँ लुक्सले फिल्ममा उनी फर्किने आश दर्शकहरुमा पलाएको छ ।

-साभार: फिल्मीखबर

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टर्मिनल भवनको शिलान्यास

काठमाडौं/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिकतर्फको आगमन टर्मिनल भवनको शिलान्यास गरिएको छ । आइतबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले भवनको शिलान्यास गरेका हुन् ।

आन्तरिक हवाई यात्रुको चाप बढेसँगै आन्तरिकतर्फको टर्मिनल भवन बनाउन लागिएको नेपाल नागरिक उड्ठयन प्राधिकरणले जनाएको छ । मन्त्री आलेले भवन निर्माणको काम समयअगावै सक्न निर्माणको जिम्मा पाएको ब्राइट मल्टी कन्स्ट्रक्सनका अधिकारीलाई आग्रह गरे । उक्त भवन पाँच करोड रुपैयाँमा एक वर्षभित्र निर्माण गर्ने लक्ष्य छ ।

उनले प्रस्तावित आन्तरिक टर्मिनल भवनमा भीआईपी कक्ष, शौचालयको व्यवस्था, यात्रुलाई बस्ने



व्यवस्था र ६० वर्ष उमेर समूहमाथिका मानिसलाई बस्न कुर्सीको व्यवस्था हुने बताए । मन्त्री आलेले विमानस्थलमा सरसफाइलाई ध्यान दिन पनि आग्रह गरे । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले नलिनचोकमा करिब ३२ रोपनी जग्गामा हेलिप्याड निर्माणका लागि बोलपत्र आह्वान गरिएको बताए । आउँदो आर्थिक वर्षभित्रमा हेलिप्याड निर्माणको काम सकिने उनको भनाइ छ । आइतबार त्रिभुवन विमानस्थलको आन्तरिक टर्मिनल भवनको स्टोराइल हलको विस्तारित कक्ष तथा बुटिक अवधारणाअनुसार नवनिर्मित वाटर फाउन्डेसनसहितको रोटरी आइल्यान्डको पनि उद्घाटन गरिएको छ । -साभार: सेतोपाटी

# बालश्रमविरुद्धमा विद्यार्थीहरुको प्रदर्शन



काठमाडौं/ जुन १२ अर्थात विश्व बालश्रमविरुद्धको दिवस, विश्वभर विभिन्न कार्यक्रम गरेर मनाइएको छ ।

नेपालमा विविध कार्यक्रम आयोजना गरी विश्व बालश्रमविरुद्धको दिवस मनाइएको छ । दिवसका अवसरमा ठमेलस्थित सरस्वती क्याम्पसका विद्यार्थीले बसन्तपुरमा बालश्रमबारे प्रदर्शनसमेत गरेका छन् । उनीहरुले विभिन्न प्लेकार्डसहित बालश्रमविरुद्धको नारासहित नाटकसमेत देखाएका छन् । तर क्याम्पसका विद्यार्थीहरुले बालश्रमविरुद्धको प्रदर्शन गरिरहँदा उनीहरूको छेउमै बालबालिकाहरु मिनरल वाटर हातमा बोकेर बेचिरहेका थिए ।

कोही बालश्रमविरुद्धको प्रदर्शन गरेको हेरिरहेका थिए । उनीहरुलाई नै थाहा थिएन बालश्रम भनेको के हो ? -साभार: अनलाइन

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# आज मकवानपुर गोल्डकप फाइनल, घरेलु मैदानमा बिजय युथलाई कति सहज ?

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ आज सोमबार हेटौंडा जारी चौथो संस्करणको स्थानीय तह सहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको फाइनल हुँदैछ ।

हेटौंडा-५ पिप्ले क्याम्पा रंगशालामा हुने फाइनल खेलमा घरेलु टोली बिजय युथ क्लब र विभागीय टोली त्रिभुवन आर्मी क्लब भिड्दै छन् । आर्मी गोल्डकपको डिफेन्डिङ च्याम्पियन हो भने बिजय युथ घरेलु टोली हो । तेस्रो संस्करणको गोल्डकपमा पनि आर्मीले आयोजक टोलीलाई हराएर उपाधि जितेको थियो । यद्यपि, जारी प्रतियोगितामा आयोजक टोली नरहेपनि घरेलु टोलीका रुपमा बिजय युथ मैदान छिरेको हो । बिजय युथ र आर्मी दुबै टोलीले राम्रा क्लबलाई हराएर फाइनल प्रवेश गरेका हुन् । विभागीय टोली नेपाल पुलिस क्लबलाई हराएर बिजय युथ उपाधि नजिक पुगेको हो ।

विदेशी खेलाडीले भरिएको पाहुना टोली एभिनियर एफसी क्यामरुनलाई हराउँदै आर्मीले बिजय युथसँग फाइनलमा भेट पक्का गरेको हो । पिप्ले क्याम्पा रंगशालामा आइतबार आयोजित प्रि-म्याच कन्फ्रेन्समा फाइनलमा पुगेका दुबै टोलीका प्रशिक्षक तथा कप्तानले उपाधि आफूले जित्नेमा ढुक्क रहेको दाबी गरे । बिजय युथका प्रशिक्षक विजयलाल श्रेष्ठले फाइनल खेल्न टोली तयारी रहेको भन्दै जीत निकाल्नेमा ढुक्क रहेको बताए ।




आर्मी बलियो टोली भएकाले भरपर्दो रणनीति बनाएर मैदानमा उत्रिने उनको भनाइ छ । बिजय युथका कप्तान अशोक बरालले अनुभवी खेलाडी रहेको आर्मीलाई फाइनलमा हराउन सहज नहुने स्वीकार्छन् । उनले आर्मीसँगको प्रतिस्पर्धा कडा हुने भएपनि जित्नका लागि खेल्ने बताए ।

आर्मीका प्रशिक्षक नविन न्यौपानेले जीतको निरन्तरता दिँदै उपाधि हात पार्ने बताए । दोस्रो रोजाईका खेलाडी लिएर मैदान छिरेको भन्दै घरेलु टोलीलाई कमजोर नसोचेको उनको भनाइ छ । आर्मीका मुख्य फरवार्ड नवयुग श्रेष्ठलगायतका खेलाडी हाल गोल्डकपमा सहभागी छैनन् । एसियन छनौटमा कुवेत रहेको राष्ट्रिय टोलीमा आर्मीका नवयुगसहित अन्य खेलाडी छन् । महत्वपूर्ण खेलाडी राष्ट्रिय टिममा परेर हाल सहभागी नभएको भन्दै खेलमा ठूलो असर नपरेको प्रशिक्षक न्यौपानेको भनाइ छ । घरेलु टिमसँगको फाइनल खेल मज्जा आउने भन्दै आर्मी फिट्नेसले गेम खेल्ने उनको भनाइ छ । प्रशिक्षक न्यौपानेले पछिल्लो दुई खेलमा भएको कमी कमजोरीलाई सुधार्दै फाइनल खेल्ने बताए ।

क्वार्टरफाइनलमा सिधै स्थान पाएको आर्मीलाई फाइनल यात्राका दौरान खेलमा धेरै संघर्ष गर्नु परेको थियो । क्वाटरफाइनल खेलमा एपीएफलाई ५-४ गोलअन्तरले पेनाल्टी सुटआउटमा र शनिबार सेमिफाइल खेलमा सडनडेथमा एभिनियर एफसी क्यामरुनलाई ११-१० ले हराएर आर्मी उपाधि नजिक पुगेको हो । आयोजकको हैसियतले सिधै अन्तिम आठमा प्रवेश पाएको बिजय युथले पहिलो खेलमा नव जनजागृतिमाथि ३-० को शानदार जीत निकालेको थियो । सेमिफाइनलको संघर्षपूर्ण खेलमा बिजय युथले नेपाल पुलिस क्लबलाई १-० ले हराएको थियो । जिल्ला फुटबल संघ मकवानपुरको आयोजनामा भएको प्रतियोगिताको बिजेताले १५ लाख र उपबिजेता १० लाख पाउने छन् ।

## नदीजन्य पदार्थ उत्खनन्बाट २८ लाख राजस्व



साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ मकवानपुरगढी गाउँपालिकाले अमानतबाट नदीजन्य पदार्थ उत्खनन् वापत २८ लाख रुपैयाँ राजस्व संकलन गरेको छ ।

२४ जेठमा बसेको कार्यपालिका बैठकको निर्णयानुसार तीन दिनसम्म गरिएको नदीजन्य पदार्थ उत्खनन्बाट २८ लाख १६ हजार ७३ रुपैयाँ राजस्व संकलन भएको राजस्व तथा योजना शाखा प्रमुख प्रकाश न्यौपानेले जानकारी दिएका छन् । गाउँपालिकाले दुई पटकसम्म नदीजन्य पदार्थ उत्खनन्का लागि ठेक्का खोलेपनि ठेक्का परेको थिएन् । केही दिनअघि ठेक्का आह्वान हुँदा पनि ठेक्का नपरेपछि गाउँपालिकाले अमानतमा नदीजन्य पदार्थ उत्खनन् गरेर क्रसर उद्योगलाई बिक्री गरेको थियो । गतवर्षकै विभिन्न क्रसर तथा बालुवा उद्योगबाट उठाउन पुरानो बक्यौता रकममध्येबाट ३५ लाख पनि संकलन गरिएको न्यौपानेले बताए ।

बक्यौता रकम १५ असारमा गाउँपालिका खातामा जम्मा गर्नेगरी सहमति गरिएको राजश्व शाखा प्रमुख न्यौपानेले बताए । कार्यपालिका बैठकले निर्णय गरी सामरी खोलाको विभिन्न चार स्थानमा उत्खनन् गरिएको पालिका उपाध्यक्ष तथा राजस्व परामर्श समितिका संयोजक मानकुमारी पाखिनले जानकारी दिइन् । २ लाख ७६ हजार ९ सय सीएफ्टी नदीजन्य पदार्थ उत्खनन् गरेको उनले बताइन् । अघिल्लो सरकारले बिक्रीपश्चात्को राजस्व उठाउन नसकेको र ताकेतामा ध्यान नदिएकाले क्रसर उद्योगसँग बक्यौता रहन गएको उनको भनाइ छ ।

# परिवार नियोजनद्वारा स्थानीय तहसँग सहकार्यको प्रस्ताव

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ परिवार नियोजन संघ मकवानपुरले आफूले गर्दै आएको परिवार स्वास्थ्यसँग सम्बन्धित कार्यहरुमा स्थानीय तहको सरकारसँग सहकार्यको प्रस्ताव गरेको छ ।

संघ मकवानपुरले आइतबार हेटौंडा उपमहानगर पालिकामा नवनिर्वाचित प्रमुख, उपप्रमुखसहित जनप्रतिनीधिलाई स्वागत गर्दै परिवार नियोजन, मातृ शिशु स्याहार, खोप तथा महिलाहरुमा हुने स्वास्थ्य समस्याको उपचार तथा सचेतनामूलक कार्यमा सहकार्य गर्न प्रस्ताव गरेको हो । संघले हेटौंडा उपमहानगरपालिकाका सबै वडामा रहेको शहरी स्वास्थ्य क्लिनिकसँग समन्वय गरेर स्वास्थ्य शीविर लगायत कार्यक्रम सञ्चालन गर्न सघंको तर्फबाट जनशक्ति नि:शुल्क उपलब्ध गराउन सक्ने स्पष्ट पारेको हो ।

संघ अध्यक्ष निगमलाल श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडाका प्रमुख मिनाकुमारी लामाले महिला स्वास्थ्यको क्षेत्रमा गर्नुपर्ने कामको लागि नगरपालिका सदैब सहकार्य गरेर अगाडि बढ्न तयार रहेको स्पष्ट पारिन् । उपमेयर राजेश बानियाँले प्रजनन् स्वास्थ्यको क्षेत्र अत्यन्तै संवेदनशील भएकोले यसको क्षेत्रमा संघसँग मिलेर काम गर्न तयार रहेको बताए ।

संघका बागमती प्रदेश संयोजक ईश्वर पण्डितले स्वागत गरेको कार्यक्रममा हेटौंडा १ का वडाध्यक्ष सविन न्यौपाने, ६ का वडाध्यक्ष विष्णु दाहाल, ७ का वडाध्यक्ष दामोदर गौत्तम, १६ का वडाध्यक्ष रामकृष्ण कोइराला र १७ नम्वर वडाका वडाध्यक्ष उद्वव सत्याल, संघका सचिव फूलमान श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# सबै वडामा पुस्तकालय स्थापना गर्न आग्रह




साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ पुस्तकालय अभियान समूह मकवानपुरले हेटौंडा उपमहानगर पालिकाका १९ वटै वडामा पुस्तकालय स्थापना गर्न आग्रह गरेको छ ।

अभियानले उपमहानगर पालिकाका प्रमुख, उपप्रमुख र वडाध्यक्षहरुलाई १९ वटै वडामा पुस्तकालय स्थापना गर्न आग्रह गरेको हो । आफ्नो पहिलो वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा अभियान समूहले पुस्तकालय स्थापनाका लागि सञ्चालित अभियानको विषयमा जानकारी गराउँदै नगर प्रमुख र उपप्रमुखलाई अनुरोध पत्रसमेत बुझाएको छ । पुस्तकालय अभियान समूहका सदस्य निमेष निखिल र प्रतिमा श्रेष्ठले नगर प्रमुख र उपप्रमुखलाई अनुरोधपत्र बुझाएका हुन् ।

अनुरोध पत्र बुझ्दै हेटौंडा उपमहानगरपालिकाका मेयर मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँ र कार्यक्रम उपस्थित वडाध्यक्षहरुले पुस्तकालय स्थापनाका लागि बजेट विनियोजन गर्ने प्रतिवद्धता जनाएका छन् । मेयर लामाले पुस्तकालय स्थापना र सञ्चालनका लागि नागरिकस्तरबाट आएको प्रस्ताव महत्वपूर्ण रहेकोले आगामी आर्थिक वर्षको बजेटमा पुस्तकालय स्थापनाको योजनालाई समावेश गर्ने बताइन् ।

नगर उपप्रमुख राजेश बानियाँले सभ्य समाज निर्माणका लागि पठन संस्कृतिको विकास गर्नुपर्ने बताउँदै इतिहास जान्न पढ्नुको विकल्प नभएको र पढ्नका लागि पुस्तकालय आवश्यक भएको बताए । १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले नगरभित्रका हरेक वडा पुस्तकालय स्थापना, सञ्चालन र व्यवस्थापनमा सहयोग गर्न प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा पुस्तकालय अभियान समूहका सदस्य सुरेश श्रेष्ठले अभियानका बारेमा जानकारी गराएका थिए । अहिलेसम्म पुस्तकालय अभियान समूह मकवानपुरले जिल्लामा १२ वटा तथा बारा र रौहतटमा एक एक वटा गरी कूल १४ वटा पुस्तकालय स्थापना गरिसकेको जनाएको छ ।

# हेटौंडाको जनप्रतिनिधिलाई नेपाल भाषा खल:को स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ नेपाल भाषा खल: हेटौंडाले हेटौंडा उपमहानगरपालिकाको मेयर, उपमेयर तथा १ नम्वर वडामा निर्वाचित जनप्रतिनिधिलाई स्वागत तथा सम्मान गरेको छ ।

खल:का अध्यक्ष महेश्वर श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिनाकुमारी लामाले नेवार संस्कृतिको संरक्षण र सम्बर्द्धनमा क्रियाशील भाषा: खल:को जीर्ण भवन निर्माणको लागि हेटौडा उपमहानगरपालिकाले सहयोग गर्ने बताइन् ।

उनले संस्थागन लागत सहभागितामा भवन निर्माणमा सहयोग गरिने स्पष्ट पारिन् । कार्यक्रममा हेटौंडाका उपप्रमुख राजेश बानियाँले हेटौंडाको मुटुमा रहेको खल:को भवन जीर्ण रहनु दु:खद् रहेको भन्दै यसको पुनर्निर्माण गर्न नगरपालिकाले सहयोग गर्ने बताए ।

कार्यक्रममा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले खल:को अब बन्ने भवन बहुउद्देश्यीय तथा नेवारी भाषा, संस्कृति र कला संरक्षणको केन्द्रको रुपमा निर्माण हुनुपर्नेमा जोड दिए । उनले वडा, नगरपालिका, खल:, प्रदेश तथा संघ सरकार र व्यक्तिगत सहयोगबाट भवन निर्माण हुनेमा विश्वास व्यक्त गरे ।

खल:का संरक्षक रुद्रहरि जोशीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा खल:का सल्लाहकार गणेशकुमार श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

# राक्सिराङमा बजेट निर्माणबारे सरोकारवाला निकायसँग अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २९ जेठ/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७९/८० को बजेट निर्माणका सन्दर्भमा सरोकारवाला निकायसँग अन्तरक्रिया गरेको छ ।

आइतबार गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने सम्बन्धमा सरोकारवाला निकायँसग चैनपुरस्थित गाउँपालिका कार्यालयमा अन्तरक्रिया गरेको हो ।

कार्यक्रममा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा कुन कुन विषयलाई कसरी समेट्न सकिन्छ ? कुन शीर्षकलाई प्रथमिकता दिन आवश्यक छ ? भन्ने विषयमा छलफल भएको थियो । कार्यक्रममा जनप्रतिनिधिसहित स्थानीय, गाउँपालिकामा रहेका विभिन्न सरकारी, गैरसरकारी संघ संस्थाका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, राजनैतिक दलका प्रतिनिधिको अन्य सरोकारवाला निकायका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।




बागमती प्रदेशको भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको सभाध्यक्षता रहेको थियो । कार्यक्रममा बोल्दै राज्यमन्त्री प्रजाले गाउँपालिकाले गरेको अन्तरक्रिया कार्यक्रमले सबैलाई समेट्न सहयोग पग्ने भन्दै निती तथा कार्यक्रम निर्माण गर्दा आवश्यक पक्षलाई ध्यान दिन आग्रह गरे ।

गाउँपालिका अध्यक्ष मल्लले छलफल र अन्तरक्रियाबाट आएका विषयलाई सम्बोधन गर्दै आवश्यक विषयलाई नीति कार्यक्रममा समेट्ने बताए । उनले छलफलमा उठेका कुराहरुले गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्न मार्गदर्शन मिल्ने बताए ।

असन्तुलित खानपान तथा जीवनशैलीका कारण

- मधुमेह, उच्च रक्तचाप, मष्तिष्कघात, विभिन्न प्रकारका क्यान्सर, ढाड दुख्ने, अलजाइमर्स, श्वासप्रश्वास, मानसिक/उदासिनता जस्ता रोग हुन सक्दछन्।

यस्ता रोगबाट बच्न;

- सन्तुलित र स्वस्थ खाना खाने,
- शारीरिक क्रियाकलापमा सक्रिय रहने,
- मदिरा, सुर्ति तथा सुर्तिजन्य वस्तुको उपभोग नगर्ने,
- काम गर्दा सही तरिका र आसनको प्रयोग गर्ने,
- प्रशस्तमात्रामा पानी पिउने,
- तनावको उचित व्यवस्थापन गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

हार्दिक समवेदना



जन्म: २००१/०९/०१
स्वर्गारोहण: २०७९/०२/१८

सव डिभिजन वन कार्यालय पालुङको वन रक्षक नानीबाबु बलामीको पिता **रत्नबहादुर बलामी**को स्वर्गारोहण भएकोले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

डिभिजनल वन अधिकृत विष्णुप्रसाद आचार्य तथा
डिभिजन वन कार्यालय
राप्ती, मनहरी मकवानपुर परिवार

जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादीले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

सामुदायिक कृषि सहकारी संस्था लि.
पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा अस्पताल
बागमती प्रदेश, हेटौंडा

अस्पतालमा स्वास्थ्य सेवा महानुभावहरुलाई स्वागत छ

हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा

सेवाहरू
हाडजोर्नी विषेशज्ञ सेवा
बालरोग सेवा
प्रसुति सेवा
दन्त सेवा
फिजिसियन सेवा
नाक, कान, घाँटी सेवा
शल्यक्रीया सेवा
मनोरोग सेवा
फिजियोथोरापी सेवा
न्यूरो सेवा
विशेष सेवा
ICU, HDU
Dialysis
General Lab (PCR Lab)
Endoscopy
USG
CT SCAN
NICU
ECG
ART सेवा
टिकट खुल्ने समय : बिहान ७ बजेदेखि ११ बजेसम्म
बिरामी पुर्जा काट्ने समय : बिहान ७ बजेदेखि ११ बजेसम्म

Emergency काउन्टर २४ सै घण्टा
फार्मेसी सेवा २४ सै घण्टा
Emergency सेवा

ओ.पि.डी खुल्ने समय
बिहान १० बजेदेखि ३ बजेसम्म
बिहान १० बजेदेखि १ बजेसम्म
खाजा/खाना खाने समय १ बजेदेखि २ बजेसम्म

OT DAY (अप्रेसन हुने बार)
हाडजोर्नी:
आइतबार र बुधबार (OPD बन्द हुने छ।)
शल्यक्रिया:
सोमबार र बिहीबार (OPD बन्द हुने छ।)
प्रसुति:
मंगलबार र शुक्रबार (OPD खुला हुने छ।)
नाक, कान, घाँटी:
आइतबार र बुधबार (OPD बन्द हुने छ।)

Administrative Department
खुल्ने समय आइतबार देखि बिहीबार बिहान १० बजेदेखि ५ बजेसम्म
शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म

हेटौंडा अस्पताल
फोन नं. ००९७७-५७-५२३९७८, ५२०३०५
ईमेल : hospital.hetauda@gmail.com, info@hetaudahospital.gov.np,
वेवसाईट : https//:www.hetaudahospital.gov.np




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना